शारदा नगरपालिका

नगर कार्यपालिकाको कार्यालय

# सामुदायिक विध्यालयका प्रारम्भिक बालविकास सहयोगी कार्यकर्ता, कर्मचारी र शिक्षकहरुको सरुवा, पदस्थापन, दरवन्दि कायम तथा मिलान ,सरुवा, काज सरुवा एवम् कामकाजमा खटाउने

# सम्बन्धी कार्यविधि, २०७५

नगर सभाबाट स्वीकृत मितिः २०७५।०९।२५

**शारदा नगरपालिका सल्यान**

# सामुदायिक विद्यालयका प्रारम्भिक बालविकास सहयोगी कार्यकर्ता, कर्मचारी र शिक्षकहरुको सरुवा, पदस्थापन, दरवन्दि कायम तथा मिलान ,सरुवा, काज सरुवा एवम् कामकाजमा खटाउने

# सम्बन्धी कार्यविधि, २०७५

**प्रस्तावना**

नेपालको संविधान २०७२ मा उल्लेखित भाग ३ को मौलिक हक र कर्तव्य अन्तर्गत धारा ३१ मा शिक्षा सम्बन्धीहकको व्यवस्था गरिएको छ र सोहि संविधानको अनुसूची ८ मा स्थानीयतहलाई प्राप्त "स्थानीय तहको अधिकारको सूचि" एवम् स्थानीय सरकार सञ्चालन ऐन , २०७५ 'ज' तथा यसकै वूँदा नम्वर ११ को सामुदायिक विध्यालयको शिक्षक तथा कर्मचारीको दरवन्दी मिलानको भावनाअनुसार सामुदायिक विध्यालयका बालविकास सहयोगी कार्यकर्ता, विध्यालय कर्मचारी र शिक्षकहरुको सरुवा, पदस्थापन, दरवन्दि कायम ,सरुवा, काज सरुवा तथा कामकाजमा खटाउनका लागि शारदा नगरपालिका, सल्यानले शारदा नगरपालिकाभित्र हाल सञ्चालित ५७ वटा सामुदायिक विद्यालयहरुमा पठनपाठन गर्ने शिक्षकहरु, विध्यालय कर्मचारी र ६२ वटा बालविकास सहयोगी कार्यकर्ताको उचित व्यवस्थापनका लागि विद्यालयहरुमा विद्यार्थी संख्या , शिक्षक दरवन्दि संख्या कमी भएका विद्यालयहरुलाई प्राथमिकताका क्रममा राखेर "सामुदायिक विध्यालयका बालविकास सहयोगी कार्यकर्ता, विद्यालय कर्मचारी र शिक्षकहरुको सरुवा, पदस्थापन, दरवन्दि कायम ,सरुवा, काज सरुवा तथा कामकाजमा खटाउने सम्बन्धी कार्यविधि २०७५ " तयार गरिएको छ ।

## परिच्छेद- १

**१ संक्षिप्त नाम र प्रारम्भः**

१.१ यो कार्यविधिको नाम "सामुदायिक विद्यालयका बालविकास सहयोगी कार्यकर्ता, कर्मचारी र शिक्षकहरुको सरुवा, पदस्थापन, दरवन्दि कायम ,सरुवा, काज सरुवा तथा कामकाजमा खटाउने सम्बन्धी कार्यविधि २०७५ " रहनेछ ।

१.२ यो कार्यविधि शारदा नगरपालिका सल्यान अन्तर्गत रहेका सामुदायिक विद्यालयहरुका शिक्षकहरु , प्रारम्भिक बालविकास सहयोगी कार्यकर्ताहरु र विद्यालय कर्मचारीहरुको प्रयोजनका लागि लागू हुने छ र यो कार्यविधि स्वीकृत भएपश्चात आवश्यकता अनुसार शारदा नगर नगरकार्यपालिका सल्यानको नगर शिक्षा समितिले लागू गर्नेछ । क

**२ परिभाषा र व्याख्या :**

विषय वा प्रसंगले अर्को अर्थ नलागेमा :

२.१ "सामुदायिक विद्यालय" भन्नाले नेपाल सरकारबाट नियमित रुपमा अनुदान पाउने गरि अनुमति वा स्वीकृत प्राप्त विद्यालय सम्झनु पर्दछ ।

२.२ “आधारभूत तह ”भन्नाले प्रारम्भिक बालशिक्षा देखि कक्षा ८ सम्म दिइने शिक्षा सम्झनु पर्दछ ।

२.३“प्राथमिक शिक्षा” भन्नाले प्रारम्भिक बालविकासदेखि ५ कक्षासम्म दिइने शिक्षा सम्झनु पर्दछ ।

२.४ “नगरपालिका कोष” भन्नाले शारदा नगरपालिका सल्यानको कोष सम्झनु पर्दछ ।

२.५ “शिक्षक” भन्नाले प्राथमिक तहदेखि माध्यमिक तहसम्मको विद्यालयको अध्यापक र प्रधानाध्यापक समेतलाई सम्झनु पर्दछ ।

२.६ २.५ “ प्रारम्भिक बालविकास सहयोगी कार्यकर्ता ” भन्नाले शारदा नगरपालिका सल्यानका विभिन्न विद्यालयहरुमा नेपाल सरकारबाट मासिक तलव पाउने गरी नियूक्त महिला शिक्षक तथा सो विद्यालयको मातहतमा रहने गरी संचालित सामुदायिक बालविकास केन्द्रहरुमा नेपाल सरकारबाट मासिक तलव पाउने गरी नियूक्त अध्यापनरत महिला शिक्षकलाई सम्झनु पर्दछ ।

२.७ “शिक्षा समिति” भन्नाले शारदा नगरपालिकाको विद्यमान “नगर शिक्षा समिति” सम्झनु पर्दछ ।

## परिच्छेद-२

२.१ “सामुदायिक विध्यालयका बालविकास सहयोगी कार्यकर्ता, विद्यालय कर्मचारी र शिक्षकहरुको सरुवा, पदस्थापन, दरवन्दि कायम ,सरुवा, काज सरुवा तथा कामकाजमा खटाउनुका उद्देश्यहरु :

(क) सामुदायिक विद्यालयका विद्यार्थीहरुको पठनपाठन सुधार गरी सिकाइउपलब्धी वृद्धि गर्ने ।

(ख) विद्यार्थी संख्याका आधारमा शिक्षक दरवरन्दि वितरण तथा कायम गर्ने ।

(ग) सबै तहका विद्यालयहरुमा न्यायोचित शिक्षक दरवरन्दि पुनर्ब्यवस्थापन वा कायम गर्ने ।

(घ) १ जना पनि शिक्षक दरवरन्दि नभएका सामुदायिक प्राथमिक विद्यालयहरुमा बढी शिक्षक दरवरन्दि भएका विद्यालयहरुबाट शिक्षक पदस्थापन, सरुवा वा काज वा कामकाजमा खटाउने ।

(ङ) १ जनाभन्दा बढी बालविकास सहयोगी कार्यकर्ताहरु कुनै विद्यालयहरुको मातहतमा रहेको भए ती विद्यालयबाट आवश्यकताअनुसार बालविकास सहयोगी कार्यकर्ताको पद वा दरवन्दि कटौति गरी १ जना पनि बालविकास सहयोगी कार्यकर्ता नभएका अन्य सामुदायिक विद्यालयहरुमा ती बालविकास सहयोगी कार्यकतालाई सरुवा, पदस्थापन, काज वा कामकाजमा खटाउने ।

(च) १ जना पनि विद्यालय कर्मचारी नभएका सामुदायिक विद्यालयहरुमा बढी विद्यालय कर्मचारी भएका विद्यालयहरुबाट विद्यालय कर्मचारीलाई पदस्थापन,सरुवा वा काज वा कामकाजमा खटाउने ।

(छ) एउटै विद्यालयमा नि मा वि तथा मा वि तहका विषयगत शिक्षकहरु १ भन्दा बढी भएमा आवश्यकता तथा प्राथमिकताका आधारमा अन्य विषयगत शिक्षकहरु नभएका नि मा वि तथा मा वि हरुमा सरुवा, पदस्थापन वा काज वा कामकाजमा खटाउने ।

## परिच्छेद- ३

**विद्यालयगत एवम् तहगत रूपमा आवश्यक शिक्षक व्यवस्था अन्तर्गत** दरबन्दी मिलान, पदस्थापन, सरुवा, काज सरुवा वा कामकाजमा खटाउदा **लिइने आधारहरू :**

३.१ प्रारम्भिक बालविकास*- कक्षा ३ सञ्चालन भएका सामुदायिक विद्यालयको सम्बन्धमा*

३.१.१ विद्यालयमा २० जना भन्दा न्यूनतम विद्यार्थी सङ्ख्या भएमा १ ओटा दरबन्दी (स्वीकृत/राहत) कोटा कायम गर्ने ।

३.१.२ विद्यार्थी संख्या २१ देखि ५० जनासम्म भएमा २ ओटासम्म दरबन्दी (स्वीकृत/राहत) कोटा कायम गर्ने ।

३.१.३ विद्यालयमा ५१ वा सो भन्दा बढी विद्यार्थी भएमा ३ ओटा दरबन्दी (स्वीकृत/राहत) कोटा कायम गर्ने ।

***.३.२ कक्षा १-५ सञ्चालन भएका सामुदायिक विद्यालयको सम्बन्धमा :***

३.२.१ विद्यालयमा ३० जना भन्दा न्यून विद्यार्थी भएमा २ ओटासम्म दरवन्दी ( स्वीकृत/राहत कोटा) कायम गर्ने ।

३.२.२ न्यूनतम् विद्यार्थी संख्या ३१ देखि ८० जनासम्म भएमा ३ वटासम्म दरबन्दी (स्वीकृत/राहत कोटा) कायम गर्ने ।

३.२.३ विद्यार्थी सङ्ख्या ८१ देखि १२५ जनासम्म भएमा ४ वटासम्म शिक्षक दरवन्दी( स्वीकृत/राहत कोटा) कायम गर्ने ।

३.२.४ विद्यालयमा विद्यार्थी सङ्ख्या १२६ जना वा सो भन्दा बढी भएमा ५ शिक्षक दरबन्दी कायम गर्ने ।

३.२.५ शिक्षक दरबन्दी थपघट हुँदा आधारभूत तह (कक्षा १-५) मा शिक्षा नियमावली अनुसार महिला शिक्षकको दरबन्दीमा महिला शिक्षक व्यवस्थापन समेत गर्ने गरी दरबन्दी मिलान गर्ने, वा शिक्षक सरुवा , काज वा कामकाजमा खटाउने ।

३.२.६ एक विद्यालयबाट अनेत्र विद्यालयमा कामकाज, दरबन्दी मिलान, पदस्थापन, सरुवा , काज वा कामकाजमा खटाउदा माथि उल्लेखित विद्यार्थी संख्यालाई आधार मानेर प्राथमिक तहमा कार्यरत सबै प्रकारका शिक्षकहरुको दरबन्दी मिलान , पदस्थापन गर्ने, वा शिक्षक सरुवा , काज वा कामकाजमा खटाउने व्यवस्था मिलाउने ।

३.२.७ दरबन्दी मिलान, पदस्थापन, सरुवा, काज सरुवा तथा कामकाजमा शिक्षकहरुलाई अनेत्र विद्यालयमा खटाउदा सकभर मिलेसम्म  सबै प्रकारका शिक्षकहरुलाई घरपायक पर्ने गरेर व्यवस्थापन गर्ने र अपाङ्ग तथा महिला शिक्षकहरुलाई विशेष प्राथमिकता प्रदान गर्ने । साथै एक विद्यालयबाट अर्को विद्यालयमा शिक्षक सरुवा , काज वा कामकाजमा खटाउदा  पछिल्लो मितिमा  नियूक्ति पाएका शिक्षकहरुलाई क्रमशः खटाउदै जाने ।

**३.३ आधारभूत तह (कक्षा ६-८) सञ्चालन भएका सामुदायिक विद्यालयको सम्बन्धमा :**

३.३.१ विद्यालयमा कक्षा (६-८) सञ्चालन भई विद्यार्थी ५० जनासम्म भएमा न्यूनतम ३ ओटा र १५० भन्दा बढी विद्यार्थी भएमा न्यूनतम ४ (अंग्रेजी-१,गणित/विज्ञान-१, नेपाली-१, सामाजिक-१ गरी ४) ओटासम्म आधारभूत तह (कक्षा ६-८) को शिक्षक दरवन्दी कायम गर्ने ।

३.३.२ एक विद्यालयबाट अनेत्र विद्यालयमा कामकाज, दरबन्दी मिलान, पदस्थापन, सरुवा , काज वा कामकाजमा खटाउदा माथि उल्लेखित विद्यार्थी संख्यालाई आधार मानेर **आधारभूत तह ( कक्षा ६-८)** मा कार्यरत सबै प्रकारका शिक्षकहरुको दरबन्दी मिलान, पदस्थापन गर्ने, वा शिक्षक सरुवा , काज वा कामकाजमा खटाउने व्यवस्था मिलाउने ।

३.३.३ एक विद्यालयबाट अनेत्र विद्यालयमा कामकाज, दरबन्दी मिलान, पदस्थापन, सरुवा , काजमा खटाउदा सकभर मिलेसम्म सबै प्रकारका शिक्षकहरुलाई घरपायक पर्ने गरेर व्यवस्थापन गर्ने र अपाङ्ग तथा महिलालाई विशेष प्राथमिकता प्रदान गर्ने । साथै एक विद्यालयबाट अर्को विद्यालयमा शिक्षक सरुवा,पदस्थापन, काज वा कामकाजमा खटाउदा पछिल्लो मितिमा नियूक्ति पाएका शिक्षकहरुलाई क्रमशः खटाउदै जाने ।

**३.४ माध्यमिक तह (कक्षा ९-१०) सञ्चालन भएका सामुदायिक विद्यालयको सम्बन्धमा :**

३.४.१ कक्षा (९-१०) सञ्चालन भएका विद्यालयमा १५० जनासम्म विद्यार्थी भएमा ४ शिक्षक दरवन्दी र २०० जनाभन्दा बढी विद्यार्थी भएमा न्यूनतम ५ (अंग्रेजी-१, विज्ञान-१ गणित-१, नेपाली-१, सामाजिक-१ गरी ५) ओटासम्म माध्यमिक तहको शिक्षक दरवन्दी (दरवन्दी/राहत) कायम गर्ने ।

३.४.२ एक विद्यालयबाट अनेत्र विद्यालयमा कामकाज, दरबन्दी मिलान, पदस्थापन, सरुवा , काज वा कामकाजमा खटाउदा माथि उल्लेखित विद्यार्थी विद्यार्थी संख्यालाई आधार मानेर **माध्यमिक तह (कक्षा ९-१०)** मा कार्यरत सबै प्रकारका शिक्षकहरुको दरबन्दी मिलान , पदस्थापन गर्ने, वा शिक्षक सरुवा , काज वा कामकाजमा खटाउने व्यवस्था मिलाउने ।

३.४.३ एक विद्यालयबाट अनेत्र विद्यालयमा कामकाज, दरबन्दी मिलान, पदस्थापन, सरुवा , काजमा खटाउदा सकभर मिलेसम्म सबै प्रकारका शिक्षकहरुलाई घरपायक पर्ने गरेर व्यवस्थापन गर्ने र अपाङ्ग तथा महिलालाई विशेष प्राथमिकता प्रदान गर्ने । साथै एक विद्यालयबाट अर्को विद्यालयमा शिक्षक सरुवा , पदस्थापन, काज वा कामकाजमा खटाउदा पछिल्लो मितिमा नियूक्ति पाएका कनिष्ठ शिक्षकहरुलाई क्रमशः खटाउदै जाने ।

## परिच्छेद - ४

**४.१ कार्यविधि कार्यान्वयन हुने सम्बन्धमा :**

४.१.१ यो कार्यविधि शारदा नगर नगरकार्यपालिकाको कार्यपालिकाले स्वीकृति गरे पश्चात नगर शिक्षा समितिले आवश्यकता अनुसार जुनसुकै समयमा पनि लागू तथा कार्यान्वयन गर्न सक्नेछ ।

## परिच्छेद - ५

**५.१ हाजिर हुन जाने सम्बन्धमा :**

५.१.१ एक विद्यालयबाट अर्को विद्यालयमा सरुवा , पदस्थापन, काज वा कामकाजको क्रममा खटाइएका सबै तहका शिक्षक, बालविकास सहयोगी कार्यकर्ता तथा विद्यालय कर्मचारीहरु बाटो म्याद बाहेक एक हप्ताभित्र तोकिएको विद्यालयमा अनिवार्य रुपमा हाजिर हुनुपर्नेछ ।

## परिच्छेद- ६

**६.१ हाजिर भए नभएका जानकारी दिने सम्बन्धमा :**

एक विद्यालयबाट अर्को विद्यालयमा सरुवा , पदस्थापन, काज वा कामकाजको क्रममा खटाइएका सबै तहका शिक्षक, बालविकास सहयोगी कार्यकर्ता तथा विद्यालय कर्मचारीहरु बाटो म्याद बाहेक एक

हप्ताभित्र तोकिएको विद्यालयमा हाजिर भए नभएकोबारे सम्बन्धित स्रोतब्यक्तिले सरुवा गरिएको मितिले १५ दिनभित्र शारदा नगरपालिकाको नगर शिक्षा शाखालाई दिनुपर्नेछ ।

_

## परिच्छेद -७

### ७.१ तलव भत्ता पाउने सम्बन्धमा :

एक विद्यालयबाट अर्को विद्यालयमा शिक्षक सरुवा , पदस्थापन, काज वा कामकाजको क्रममा खटाइएका सबै तहका शिक्षक, बालविकास सहयोगी कार्यकर्ता तथा विद्यालय कर्मचारीहरुले आफ्नो पदमा बहाल रहेको मितिदेखि शारदा नगरपालिकाबाट तोकिएबमोजिमको तलवभत्ता नगरपालिकाको कोषबाट प्राप्त गर्ने छन् ।

## परिच्छेद -८

### ८.१ उत्तरदायित्व तथा जिम्मेवारी :

एक विद्यालयबाट अर्को विद्यालयमा  सरुवा , पदस्थापन, काज वा कामकाजको क्रममा खटाइएका सबै तहका शिक्षक, बालविकास सहयोगी कार्यकर्ता तथा विद्यालय कर्मचारीहरु तोकिएको विद्यालयमा अनिवार्य रुपमा हाजिर हुनुका साथै आ-आफ्नो पदीय उत्तरदायित्व तथा जिम्मेवारी पूरा गर्नुपर्ने छ ।

## परिच्छेद - ९

### ९.१ सजाय सम्बन्धी व्यवस्था :

एक विद्यालयबाट अर्को विद्यालयमा  सरुवा , पदस्थापन, काज वा कामकाजको क्रममा खटाइएका सबै तहका शिक्षक, बालविकास सहयोगी कार्यकर्ता तथा विद्यालय कर्मचारीहरुले शारदा नगरपालिका नगर शिक्षा समितिको निर्णय विपरित कुनै पनि कामकाज गरे गराईएको तथा दोषी प्रमाणित हुन गएमा आवश्यक कार्वाही प्रक्रिया अघि बढाईनेछ ।

## परिच्छेद - १०

### १०.१ प्रचलनमा रहेको शिक्षा ऐन , नियमावली सरह मानिने :

शारदा नगरपालिका नगर शिक्षा समितिबाट कुनै पनि तहका शिक्षक, बालविकास सहयोगी कार्यकर्ता तथा विद्यालय कर्मचारीहरुको सरुवा , पदस्थापन, काज वा कामकाजमा खटाइएको निर्णय हाल प्रचलनमा रहेको शिक्षा ऐन , नियमावलीले गरे सरह मानिनेछ । साथै विद्यालयको स्थापना भएको तर आवश्यक विद्यार्थी संख्या नभइ शिक्षक मात्र रहेको अवस्थामा उक्त विद्यालयलाई नजिकको अर्को विद्यालयमा गाभी पठनपाठनको व्यवस्थापन मिलाउन सकिनेछ ।